रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

# बाली परिक्षण शिविरको प्रतिवेदन

तयार पार्ने

सविना शर्मा

कृषि अधिकृत

रघुगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

मौवाफाँट, म्याग्दी

श्री कृषि शाखा
१. प्रति फाइल संलग्न राख्ने।
२. website upload गर्ने।
०८२/२/१०

## पृष्ठभुमी

बाली बिरुवामा रोग, किरा तथा अन्य समस्याहरुको कारणले गर्दा बाली उत्पादनमा प्रत्येक वर्ष १५-२०% सम्म ह्रास भएको पाइएको छ । कृषि कार्यालय तथा प्राविधिकहरुको पहुँचबाट टाढा रहेका कृषकहरुले आफ्नो बालीका लागेका रोग, किरा आदि समस्या समाधानको लागि एग्रोभेट वा छिमेकिको सल्लाह बमोजिम आफ्नो बालीका उपचार गरेको अवस्था छ । विशेष गरि धेरै जसो किसानहरुलाई पायक पर्ने ठाँउ वा घरदैलोमा गई बाली उपचार विशेषज्ञहरु गएर बाली बिरुवामा लागेका रोग किरा तथा अन्य समस्याहरुको पहिचान तथा निदान गर्ने भएकोले बाली उपचार शिविरबाट धेरै जसो किसानहरु लाभान्वित हुने गर्दछन् । बाली उपचार शिविर छनोट गर्दा अन्न, फलफूल तथा अन्य बालीहरुको पकेट क्षेत्र समेट्ने गरी समस्या देखिएका क्षेत्रमा रसायनिक विषादीको अत्यधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा कृषकलाई समेट्ने गरी संचालन गर्ने गरिन्छ।बाली उपचार शिविरको सुरुवात सन् २००२ मा बोलिभिया देशबाट भएको हो । अहिले धेरै देशहरुमा बाली उपचार शिविर पाइलट शिविरहरुको रुपमा संचालन भइरहेका छन् । सोही अनुरुप रघुगंगा गाउँपालिकाको आ.व. २०७८/०७९ को गाउँ सभाबाट यस कृषि विकास कार्यक्रमलाई विनियोजित गरिएको बजेटबाट कार्यक्रम संचालन गर्ने गरि स्वीकृत भएको कार्यक्रम वाली परीक्षण शिविर संचालन कार्यक्रम कृषि सेवा केन्द्र स्थापना भएका दुइ वटा वडा, वडा नं. १ वेगखोला र वडा नं. ६ पाखापानी बाहेक सबै वडाहरुमा संचालन गरिएको थियो ।

## परिचय

रघुगंगा गाउँपालिका म्याग्दीको कार्यक्षेत्र अन्तर्गत पर्ने रघुगंगा गाँउपालीका वडा नं २,३,४,५,७ र ८ का किसानहरुलाई लक्षित गरी व्यवसायिक तरकारी खेती र फलफुल खेति गरिरहेका किसानहरुलाई लक्षित गरी १८५ जना किसानहरुलाई सहभागी गराई उक्त बाली परीक्षण शिविर संचालन गरियो । सो शिविर संचालनका लागि रघुगंगा गाउँपालिका म्याग्दीका कृषि विकास अधिकृत सविना शर्मा, प्राविधिक सहायक मनोज सुबेदी, ना.प्रा.स सिता खड्का भण्डारी र पुस्पा शर्माद्वारा कृषकहरुले ल्याएका नमुना संकलन गरी समस्या पहिचान गरी उपयुक्त सल्लाह, सुझाव कृषकहरुलाई दिइएको थियो ।

CamScanner

## उद्देश्य

- कृषकले ल्याएका बालीको नमुनाको समस्याको पहिचान गरी समाधानका उपायहरु बताउने।
- किसानहरुलाई सुरक्षित तरिकाले उपयुक्त मात्रामा विषादीको प्रयोग गर्न सिकाउने ।
- बढ्दो रासायनिक विषादीको मानिस र वातावरणमा पर्ने नकारात्मक असरको बारेमा किसानहरुलाई जानकारी गराउने ।

**उपस्थिति:-**

| क्र.स | वडा नं. | संख्या |
|---|---|---|
| १ | २ | ३० |
| २ | ३ | २७ |
| ३ | ४ | १५ |
| ४ | ५ | ४० |
| ५ | ७ | ३९ |
| ६ | ८ | ३४ |
| | जम्मा | १८५ |

**कार्यक्रम संचालन**

| क्र.स | वडा नं. | मिति |
|---|---|---|
| १ | २ | २०७८/१२/२७ |
| २ | ३ | २०७८/१२/२८ |
| ३ | ४ | २०७९/०१/०८ |
| ४ | ५ | २०७८/१२/३० |
| ५ | ७ | २०७८/११/०७ |
| ६ | ८ | २०७८/११/०८ |
| | | |

- विहान १० बजे बाट कार्यक्रम संचालन भएको थियो । शिविरको पुर्व जानकारी अनुसार आ-आफ्नो खेतबारीमा लगाएका विभिन्न बालीमा देखिएका समस्याहरुको नमुना लिएर आएका किसानहरु सबैको पालैपालो समस्या पहिचान गरी समाधानका उपायहरु लिखित तथा

CS CamScanner

मौखिक रुपमा बताइएको तथा केही मुख्य रोग किरा व्यवस्थापनका लागि जस्तै गोलभेँडाको डढुवा नियन्त्रणको लागि मेटाल्याक्सिल ८%,डाईमेथोमर्फ र कपरअक्सीक्लोराइड तथा लाही किराको लागि इमिडाक्लोरोपिड/रोगोर, खराने रोगको लागि थ्री भिउ, पुत्लाको लागि कुइक्फस, मकै सिमिको किराको लागि जी-सुनामी, विऊ उपचारका लागि वेभिस्टिन र सेतो झिँगाको लागि पहेंलो पासो सम्पुर्ण सहभागिलाई वितरण गरिएको थियो ।उक्त बाली उपचार शिविरमा नमुना ल्याइएका रोग किरा तथा समाधानका उपायहरु निम्नलिखित रहेको छ ।

| क्र स. | बाली | समस्या | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | गोलभेँडा | डढुवा र डाँठ कुहिने रोग,पात खन्ने किरा, सेतो झिँगा | • रोग लागेका बोट जलाउने , रोग लाग्न सुरु हुन लागे देखी कपरअक्सीक्लोराइड १.५ ग्राम/ डि.एम. ४५ १.५ ग्राम प्रतिलिटर पानीमा मिसाई ७ देखी १० दिनको फरकमा ३/४ पटक छर्ने ।<br>• टि एम एल ल्योर प्रयोग गर्ने , निमजन्य विषादी ७/७ दिनको फरकमा ५ ग्राम प्रति लिटर पानीमा छर्ने ।<br>• पहेंलो पासोको प्रयोग गर्ने ।<br>• एजाडिरेक्टिन ५ ग्राम प्रति लिटर पानीमा, इमिडाक्लोपिड/रोगोर १ मि.ली. प्रति लिटर पानीमा मिसाई छर्ने । |
| २. | आलु | डढुवा | • मेटाल्याक्सिल ८% वा कपरअक्सीक्लोराइड १.५ ग्राम/ डि.एम. ४५ १.५ ग्राम प्रतिलिटर पानीमा मिसाई ७ देखी १० दिनको फरकमा ३/४ पटक छर्ने । |
| ३. | बन्दा | अल्टरनेरीया थोप्ले, लाही, बन्दाको पुतली | • खेतीबारी सफा राख्ने तथा रोग लागेका पातहरु बटुलेर जलाउने । मेन्कोजेब ७५% डब्लुपी २ ग्राम वा कपरअक्सिक्लोराइड ५०% डब्लुपी ३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने ।<br>• लाही किरा नियन्त्रणको लागी अत्यधिक नाइट्रोजनयुक्त मल प्रयोग नगर्ने ।गाईवस्तुको |

CS CamScanner

| | | | |
|---|---|---|---|
| | | | गँहुत र पानी १:४ को अनुपातमा छर्ने ।<br>• कीराका लार्भा तथा फूल हातले टिपेर नष्ट गर्ने तथा कीराको प्रकोप बढी भएमा साइप्रमेथिन १०% इ.सि. १ मि.ली. वा मालाथियन ५०% इ.सि प्रति लिटर पानीमा घोल वनाई छर्ने । |
| ५. | काउली | अल्टरनेरीया थोप्ले, डाँठ कुहिने तथा फेद कुहिने रोग | • रोगी पातहरु हटाउने, घुम्ती बाली लगाउने ।<br>• म्याकोजेब ७५% डब्लुपि वा कपरअक्सिक्लोराइड ५०% डब्लुपी ३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने । |
| ६. | सुन्तला | कालो ध्वाँसे | • हिंउदमा मरेका हाँगाहरु काँटछाँट गर्ने ।<br>• बोटमा बोर्डोपेस्ट लगाउने तथा बोर्डोमिश्रण १% स्प्रे गर्ने । |
| ७. | काँक्रो | फल कुहाउने औंसा | • क्यु ल्योर प्रयोग गर्ने ।<br>• कुहिएका फलहरुलाई जमिनको सतहभन्दा ३० से.मी भन्दा तल पर्ने गरी गाड्ने। |
| ८ | मकै/सिमि | सेमी लुपर लार्भा | • रोगी पातहरु हटाउने ।<br>• किराहरु टिपेर मार्ने ।<br>• जी-सुनामी २ml प्रतिलिटर पानीमा मिसाएर छर्ने। |

**कार्यक्रमको उपलब्धीः**

- यस गाउँपालिकाको आ.व २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उक्त शिविर सम्पन्न भयो ।
- कृषकहरुमा रोग किराको बारेमा जानकारी भएको ।
- कृषकका खेतबारीका समस्या समयमै समाधान भएका थिए ।
- कृषिबालीहरुमा लाग्ने रोग तथा तिनीहरुको घरेलु उपचार सम्बन्धी ज्ञान हासिल भएको ।
- जथाभाबी विषादीको प्रयोगले मानिसजीव ,जन्तुर वातावरणमा पर्ने असरको बारेमा कृषक हरुलाई जानाकारी गराईएको थियो ।

CamScanner

- कृषकहरुलाई नमुनाको समस्याको आधारमा रोग र  किरा पहिचान गरि तत्कालिन समस्या समाधानका लागि विषादी वितरण गरिएको ।
- किसानले आआफ्नो खेत बारीबाट नमुना सकंलन गरेर ल्याएका रोग तथा कीराले क्षतिको समाधानका उपायहरु जानकारी गराईयो  ।

**कार्यक्रमको खर्च विवरणः**

- कार्यक्रमबाट स्वीकृत लागत रु. २००००० को सिमामा रही कार्यक्रम सम्पन्न गरिएको थियो ।

| क.स. | विवरण | अनुमानित खर्च | खुद खर्च | अग्रिम आय कर | पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार | ६००० | १००० | ० | |
| २ | बाली उपचार शिविर संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, आदि) | ६००० | १७०० | २५.५ | |
| ३ | सुझाव पर्चा, व्यानर छपाई (Prescription) | २५०० | १३८० | २०.७ | |
| ४ | स्टेशनरी (क्लिनिकल रजीस्टर, कलम, आदि) | १२००० | ० | ० | |
| ५ | बाली उपचार शिविर व्यवस्थापन खर्च (चिया,खाजा, आदि) | २२५०० | १७२३५ | २८५.५२ | |
| ६ | जैविक तथा रासायनीक विषादी | ६०००० | ८८९७५ | १३३४.६ | |
| ७ | बाली उपचार शिविर संचालन गर्न जाने बिषेशज्ञ  र अन्य प्राबिधिक हरुको लागि दैनिक भ्रमण भत्ता खर्च | ७२००० | ६०६५० | | |
| ८ | अनुगमन खर्च | १८००० | १२००० | | १८०० |
| ९ | प्रतिवेदन तयार | १००० | १००० | | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | २००००० | १८३९४० | | |

प्रतिवेदक

सबिना शर्मा

कृषि अधिकृत